राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक २७० २०८३ वैशाख २१ गते सोमवार (4 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## ‘बालेन सरकार’को राजीनामा माग



बुटवल, २० वैशाख । रुपन्देहीको बुटवलमा भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूले सरकारविरुद्ध प्रदर्शन गरेका छन् ।
आइतबार दिउँसो प्रदर्शनमा उत्रिएका उनीहरूले प्रधानमन्त्री बालेन शाहको राजीनामा माग गर्दै जबरजस्ती हटाउने अभियान तत्काल बन्द गर्नुपर्ने माग गरेका हुन् ।
प्रदर्शनकारीहरूले “सुकुम्बासी हुनु रहर होइन, बाध्यता हो”, “डोजर होइन, समाधान दे”, “गरिबलाई बाँच्न दे”, “डोजर आतंक बन्द गर”, “गाँस, बास, कपासको सुनिश्चित गर”, “अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर” लगायतका नारा लेखिएका प्लेकार्ड र ब्यानर बोकेका थिए ।
उनीहरूले अव्यवस्थित बसोबासीमाथि डोजर प्रयोग गरेर हटाउने अभियानले गरिब तथा विपन्न समुदाय थप पीडित बनेको आरोप लगाएका छन् ।
प्रदर्शनपछि आन्दोलनरत पक्षले पत्रकार सम्मेलनसमेत आयोजना गर्ने जनाएको छ ।
भूमि समस्या समाधान आयोग रुपन्देहीका अनुसार जिल्लामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी गरी करिब ८० हजार परिवार रहेका छन् ।

# सरकारलाई सीके राउतको चेतावनी

## ‘विकासका नाममा जनता विस्थापित गर्न मिल्दैन’

दैनिक समाचारदाता
जनकपुरधाम, २० वैशाख । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै तत्काल आफ्नो बाटो सच्याउन चेतावनी दिएका छन् । सरकार गठन भएको सय दिन नपुग्दै राउतले सामाजिक सञ्जालमार्फत सरकारको विकास अवधारणा र नागरिकप्रतिको व्यवहारमाथि प्रश्न उठाएका हुन् ।
राउतले विकास भनेको केवल चिल्ला फुटपाथ र चौडा सडक निर्माण मात्र नभई प्रत्येक नागरिकलाई बसोबास, सुरक्षा र आधारभूत आवश्यकतामा पहुँच सुनिश्चित गर्नु भएको बताएका छन् । राजधानीमा गरिब, मजदुर तथा सीमान्तकृत समुदायलाई विस्थापित गरेर






निर्माण गरिने संरचनालाई उनले “नवधनाढ्यहरूको विलासिता” को संज्ञा दिएका छन् ।
राज्यको परिभाषा केवल जमिन नभई जनता भएको उल्लेख गर्दै उनले सरकार जनताको सेवा गर्न नियुक्त गरिएको संयन्त्र मात्र भएको टिप्पणी गरेका छन् । राज्यका निकायहरूले आफ्नो अधिकार र सीमाको ख्याल गर्नुपर्ने बताउँदै उनले सत्ता र शक्तिको अहंकार खतरनाक हुन सक्ने चेतावनी दिएका छन् ।
सेना, बन्दुक, सत्ता वा सामाजिक सञ्जालका एल्गोरिदम र भ्यूजको भरमा आफूलाई जनताभन्दा माथि ठान्नु गलत हुने राउतको भनाइ छ । उनले इतिहास स्मरण गराउँदै यसअघि सत्तामा रहेका शासकहरूले पनि आफूलाई सर्वशक्तिमान ठानेको तर अन्तत: समयले उनीहरूलाई गलत सावित गरेको उल्लेख गरेका छन् ।
सरकारलाई ‘गोल्डेन रुल’ अपनाउन सुझाव दिँदै उनले कुनै पनि निर्णय गर्दा पीडितको स्थानमा आफ्नै सन्तानलाई राखेर सोच्न आग्रह गरेका छन् ।
नेपालमा राज्यले बालबालिकाबाट धेरै आधारभूत अधिकार खोसेको उल्लेख गर्दै उनले जापानमा एक जना बालिकाका लागि वर्षौंसम्म रेल सेवा सञ्चालन गरिएको उदाहरण प्रस्तुत गरेका छन् ।
राज्यले नागरिकमाथि गर्ने व्यवहारले भावी पुस्ताको धारणा निर्माण गर्ने भन्दै राउतले सरकारका पछिल्ला गतिविधिले दीर्घकालीन नकारात्मक प्रभाव पार्न सक्ने संकेत गरेका छन् । जनताको संरक्षण गर्नुपर्ने राज्य स्वयं नागरिकलाई घरबारविहीन बनाउने काममा लागेको आरोप लगाउँदै उनले यसलाई विधिको शासनविपरीत भएको बताएका छन् ।



सामाजक सञ्जाल फेसबुकमा पोष्ट गरेका तस्वीर

## संवैधानिक परिषद् अध्यादेश राष्ट्रपतिद्वारा फिर्ता

दैनिक समाचारदाता
काठमाडौं २० वैशाख । राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सरकारलाई फिर्ता पठाएका छन् ।
साता लामो कानुनी परामर्शपछि राष्ट्रपति पौडेलले अन्य अध्यादेश जारी गरे पनि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश भने पुनर्विचारका लागि सरकारलाई नै फिर्ता पठाउने निर्णय गरेका हुन् ।
राष्ट्रपतिका प्रेस सल्लाहकार




बाबुराम कुँवरका अनुसार अध्यादेशको अध्ययनपछि पुनर्विचार आवश्यक ठहर गर्दै प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारलाई फिर्ता पठाइएको हो ।
संसद्को बर्खे अधिवेशन बोलाएर पनि स्थगित गरिएको अवस्थामा सरकारले अध्यादेशमार्फत शासन सञ्चालन गर्न खोजेको भन्दै यस कदमलाई अर्थपूर्ण रूपमा हेरिएको छ । निर्वाचित सरकार बनेको केही महिनामै संसद् छलेर ल्याइएका अध्यादेशमध्ये संवैधानिक परिषद्सम्बन्धी अध्यादेश फिर्ता भएको हो ।

विषादी धेरै, रोग धेरै, तसर्थ सचेत बनौं ।
सजग बनौं, खेती सुधारौं, सुरक्षित खाना उत्पादन गरौं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# वर्षाले किसान उत्साहित, पूर्वाधारको विडम्बना

दुई दिनको वर्षाले यसपटक मधेशका किसानलाई केही राहत भएको छ । लामो समयदेखि खडेरी, बढ्दो तापक्रम र डढेलोको मार खेपिरहेका कृषि तथा वन क्षेत्रका लागि वर्षा वरदान बनेको छ । उखु, मुङ, लहरे तरकारी, आँप र लिची खेतीमा वर्षाले नयाँ आशा जगाएको छ भने सुक्खापनका कारण संकटमा परेका वन क्षेत्रमा समेत केही राहत पुगेको छ । तर यही वर्षाले ग्रामीण भेगको कमजोर पूर्वाधारको वास्तविकता फेरि एकपटक नाङ्गो बनाइदिएको छ ।

मधेश प्रदेशका प्रायः जिल्लामा भएको वर्षाको कारण कच्ची सडक हिलाम्मे बनेपछि सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ । सडकका खाल्डाखुल्डीमा पानी जमेको छ, कतिपय सडक पूर्ण रूपमा अवरुद्ध छन् । खोलानाला उर्लिएका छन् ।

ग्रामीण अर्थतन्त्रको मेरुदण्ड कृषि हो । किसानले मेहनत गरेर उत्पादन गरेको तरकारी, फलफूल वा अन्न समयमै बजारसम्म पुर्‍याउन सकेन भने उत्पादनको मूल्य घट्छ, मेहनत खेर जान्छ र किसान निराश बन्छ । अहिले महोत्तरीको बर्दीबासको खयरमारा, टुटेश्वरलगायत क्षेत्रका किसानले यही समस्या भोगिरहेका छन् । परवर, गोलभैँडा, हरियो खुर्सानीजस्ता तरकारी उत्पादन भए पनि सडक अवरुद्ध हुँदा बजारसम्म लैजान कठिन भइरहेको छ । यातायात बन्द हुँदा किसानको आयमा प्रत्यक्ष असर परेको छ ।

यो समस्या केवल यातायातको असुविधा मात्र होइन, राज्यको विकास दृष्टिकोणमाथिको प्रश्न पनि हो । वर्षेनी वर्षा हुन्छ, खोलामा बाढी आउँछ, सडक हिलाम्मे हुन्छन् । तर हरेक वर्ष जनताले उस्तै दुःख भोग्नुपर्ने अवस्था किन दोहोरिन्छ ? यसको मुख्य कारण दीर्घकालीन योजना र पूर्वाधार विकासमा देखिएको लापरवाही हो ।

ग्रामीण क्षेत्रमा सडक निर्माणलाई राजनीतिक उपलब्धिका रूपमा प्रचार गरिए पनि गुणस्तरीय निर्माण र दीर्घकालीन मर्मततर्फ पर्याप्त ध्यान दिइएको छैन । कतै बजेट अभाव, कतै समयमै भुक्तानी नहुने समस्या, कतै कानुनी जटिलता–यी सबै बहाना जनताको दुःख कम गर्न पर्याप्त छैनन् । स्थानीय तहका जनप्रतिनिधिहरूले समस्या स्वीकार गर्ने तर समाधान दिन नसक्ने अवस्था आफैंमा शासन प्रणालीको कमजोरी हो ।

अझ दुःखद पक्ष के छ भने खोलामा पुल तथा वैकल्पिक बाटो नहुँदा विद्यार्थी विद्यालय पुग्न सकिरहेका छैनन् । किसान खेतबारी जान कठिनाइ भोगिरहेका छन् । बिरामीलाई अस्पताल लैजान समस्या छ । सामान्य वर्षाले नै गाउँको जनजीवन ठप्प हुनु २१औँ शताब्दीको लोकतान्त्रिक नेपालका लागि लज्जाको विषय हो ।

चुरे क्षेत्रको संवेदनशील भूगोललाई मध्यनजर गर्दै त्यहाँको सडक निर्माण र संरक्षणमा विशेष योजना आवश्यक छ । वर्षायाममा क्षति कम हुने गरी वैज्ञानिक ढंगले सडक निर्माण, ढल निकासको उचित व्यवस्था, खोलामा पुल निर्माण तथा वैकल्पिक मार्गको विकास अब विलम्ब गर्न नहुने विषय हो । केवल डोजर चलाएर बनाइने अस्थायी सडकले दीर्घकालीन समाधान दिन सक्दैन ।

सरकारले कृषि उत्पादन वृद्धि, आत्मनिर्भरता र ग्रामीण विकासका ठूला नारा दिँदै आएको छ । तर किसानले उत्पादन बजारसम्म पुर्‍याउन नसक्ने अवस्था रहेसम्म ती नारा व्यवहारमा सफल हुन सक्दैनन् । कृषिमा लगानीसँगै ग्रामीण पूर्वाधारमा समानान्तर लगानी अपरिहार्य छ । सडक, पुल, सिँचाइ र बजार पहुँचबिना कृषि विकासको सपना अधुरो रहन्छ । वर्षाले खेतमा हरियाली ल्याएको छ, तर सडकमा हिलो पनि थपेको छ । अब राज्यले केवल प्राकृतिक राहतको भर पर्नु हुँदैन । जनताको दैनिकी सहज बनाउन बलियो पूर्वाधार निर्माणमा गम्भीर बन्नुपर्छ । अन्यथा, हरेक वर्षा किसानका लागि आधा खुशी र आधा पीडाको कथा बनेर दोहोरिरहनेछ ।

# सत्ताद्वारा निर्माण गरिएको अलोरिदममा प्रेस भयभीत छ



विनोद ढुङ्गेल

जब परिवर्तनको नाममा सत्तामा आएको सरकार प्रेसविरुद्ध दमनको हतियार उठाउन थाल्छ, तब बुझ्नुपर्छ- केवल राजनीतिक रूपमा होइन, संरचनागत रूपमै केही गम्भीर गल्ती भइसकेको छ।

काठमाडौंको मेयरबाट राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्व गर्दै सत्तामा पुगेका नेपालका नवनिर्वाचित प्रधानमन्त्री बालेन्द्र शाह सामाजिक सञ्जालको लहरमा सवार भएर, टकरावको राजनीतिबाट आफ्नो छवि बनाएका व्यक्ति हुन्। उनको राजनीति सधैं व्यक्तिगत, प्रत्यक्ष र निर्मम रहिआएको छ। अहिले उनको निशाना बदलिएको छ।

कुनै बेला उनको आक्रामकता नोकरशाहीको जडता र सहरी दुर्व्यवस्थातर्फ थियो, त्यो अहिले लोकतान्त्रिक संस्थाहरू, निजी सञ्चारमाध्यम, ज्येष्ठ नागरिक, प्रतिपक्षी दलहरू र सरकारको दिशामाथि प्रश्न उठाउने जोसुकैतर्फ फर्किएको छ।

संकेतहरू छिटो-छिटो आइरहेका छन्। सरकारको सबैभन्दा प्रारम्भिक र सबैभन्दा निर्णायक कदमहरूमध्ये एउटा थियो- निजी सञ्चारमाध्यममा सरकारी विज्ञापन बन्द गर्ने निर्णय। जुन मिडिया परिदृश्यमा सरकारी विज्ञापन खासगरी साना संस्थाहरूको सास हो, त्यहाँ आलोचनात्मक आवाजलाई आर्थिक घाँटी थिचेर चुप लगाउने प्रयास जारी छ।

सरकारी विज्ञापन वितरणका मामिलामा विभिन्न कोणबाट बहस गर्न सकिन्छ तर मन्त्रिपरिषद्का सबै मन्त्रीहरू बालेन-पथमा चलिरहेका देखिन्छन्। यो मामिलामा उनीहरूले एउटा स्पष्ट सन्देश दिइरहेका छन्- हामीलाई स्वतन्त्र मिडिया चाहिँदैन, सरकारी भए पुग्छ र खासगरी सामाजिक सञ्जाल भए अरू केही पनि चाहिँदैन।

यो सबैको बीचमा, सामाजिक सञ्जाल प्रधानमन्त्रीको मनपर्ने रणभूमि बनेको छ; जहाँ युवाहरूलाई परिचालन गरिन्छ, भाष्यहरू निर्माण गरिन्छन् र आलोचकहरूलाई सरकारले लगाम कस्न कुनै चासो नदेखाएको जसरी साइबर सेनाको प्रयोग गरिन्छ।

मौनताको संस्कृतिको प्रारम्भिक निर्माण गर्ने यसरी नै हो। र, यो भव्यतापूर्वक गरिँदैछ।

नूतन पुस्ताले हालै सम्पन्न गरेको भदौरे विद्रोहको मौका पारेर मिडियाविरुद्ध गरिएका केही घटनाहरू यस सरकार गठनको पूर्वाभ्यासमा भएका थिए। ती घटनाले एउटा यस्तो वातावरण स्थापित गरे, जसमा अहिले नेपालको प्रेस स्वतन्त्रताको अभ्यास भइरहेको छ।

### *त्यो एक विशाल भ्वाङ*

भदौरे विद्रोहका बेला, एक दर्जनभन्दा बढी सञ्चारमाध्यम र पत्रकार संगठनका कार्यालयहरूमाथि आक्रमण भयो। आगो लगाइयो वा तोडफोड गरियो। नेपालको मिडियाको इतिहासमा प्रमुख निजी मिडिया समूह कान्तिपुर मिडिया ग्रुपको थापाथली र तीनकुने परिसर जलेको दृश्य सबैभन्दा भयानक दृश्यका रूपमा स्थापित छ।

अन्य करिब दुई दर्जन सञ्चारगृहहरूमा साना-ठूला आक्रमण भए। सिंहदरबारभित्रै रहेको रेडियो नेपाल र नेपाल टेलिभिजनका कार्यालयहरूमा आक्रमण भए। आगजनीको एक दिनअघि, तत्कालीन संसद् भवन रहेको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अगाडि भएको हताहती र आगजनी घटनाको रिपोर्टिङ गरिरहेका केही पत्रकार प्रहरीले दागेका रबर बुलेटबाट घाइते भए।

जनप्रदर्शनहरूलाई हिंसात्मक रूपमा दबाउँदा तत्काल कम्तीमा १९ जनाले ज्यान गुमाए। भोलिपल्टसमेत गरी देशव्यापी रूपमा चलाइएका आगजनी र तोडफोडका घटनामा परी पौने एक सय जनाले ज्यान गुमाए। पत्रकारहरूमाथि गोली चलाइयो। समाचार कक्षहरू जलाइए। र, यो सबै त्यस देशमा भयो, जसको संविधानले आफ्नै प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रता' को घोषणा गरेको छ।

दुनियाँका उदाहरणहरूलाई हेर्दा पनि संवैधानिक वाचा र जीवन्त यथार्थबीचको खाडल नै पत्रकारितामा सबैभन्दा खतरनाक ठाउँका रूपमा देखा पर्छ। नेपाल वर्षौंदेखि त्यही खाडलमा बाँचिरहेको छ। गएको भदौमा त्यो खाडल, विशाल भ्वाङका रूपमा देखापरेको मात्र हो।

पछाडि फर्किरहेको संसारभरको चित्रमा नेपालको अनुभव अपवाद होइन भन्ने कुरा नै यो प्रसङ्गलाई त्रासद देखाउने थप ठूलो दृश्य हो।

रिपोर्टर्स विदाउट बोर्डर्सले आफ्नो २५औं विश्व प्रेस स्वतन्त्रता सूचकाङ्क सार्वजनिक गरेको छ। विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) को अवसरमा त्यसले प्रस्तुत गरेको चित्र- खुला सूचनाका मूल्यहरूबाट संसार निर्णायक पश्चगमनतर्फ लम्किरहेको छ भन्ने नै हो।

१८० देश र क्षेत्रमध्ये १०० ले यस वर्ष आफ्नो प्रेस स्वतन्त्रता स्कोरमा गिरावट देखेका छन्। नेपाल आफैं ९०औं स्थानबाट ८७औं स्थानमा उक्लिएको प्राविधिक सुधार भए पनि वास्तवमा समग्र स्कोर ५५.२० बाट ५४.८० मा झरेको छ। भन्नुको अर्थ अन्य देशहरू झनै तल झरे भने कुनै देश तालिकामा माथि उक्लन पनि सक्छ। यसको अर्थ प्रगति हुनु होइन।

यो ओरालो यात्राको बेग नै हो। सबै अनुत्तीर्ण भए भने तृतीय श्रेणी हासिल गर्ने विद्यार्थी पनि सर्वोत्कृष्ट हुनसक्छ भने जस्तै हो।

विश्वव्यापी रूपमा, प्रेसमाथि राजनीतिक दबाब तीव्र भइरहेको छ। अधिनायकवादी प्रवृत्तिहरू फैलिरहेका छन्। सञ्चार बजार कमजोर भइरहेको छ। र, कानुनी हतियारका रूपमा प्रयोग, आर्थिक घेराबन्दी, शारीरिक हिंसा, डिजिटल उत्पीडन जस्ता दमनका संरचना हरेक वर्ष झनै परिष्कृत र थप संयोजित र समन्वित बन्दै गइरहेका छन्।

### *भयभीत प्रेसको साँध-सिमानाभित्र*

नेपाल विश्वको जुन विशाल क्षेत्रमा अवस्थित छ, त्यहाँ यो गिरावट सबैभन्दा तीव्र छ। एसिया-प्यासिफिकमा मूल्याङ्कन गरिएका ३२ देश र क्षेत्रहरूमध्ये २१ मा प्रेस स्वतन्त्रताको अवस्था 'कठिन' वा 'अत्यन्त गम्भीर' छ। दुर्भावनापूर्ण आरोपहरू, कठोर कानुनहरू, आधारभूत रिपोर्टिङको अपराधीकरण जस्ता प्रेसविरोधी कानुनी आक्रमणहरू सरकारका रोज्जा हतियार बनेका छन्।

अधिनायकवादी शासनहरूले विकसित गरेका सेन्सरशिप र प्रोपागान्डाका हतकण्डाहरू अब आफ्नो मूल सीमाभन्दा बाहिर फैलिरहेका छन् र ती राष्ट्रको सञ्चार संस्कृतिलाई दूषित पार्दैछन्। जबकि उनीहरू कुनै बेला लोकतान्त्रिक मूल्यहरूमा गर्व गर्थे। यो थप चिन्ताजनक कुरा छ।

मिडियाले एउटा कठिन राजनीतिक वातावरणमा निरन्तर प्रतिबन्धहरूको सामना गर्दैछ। अधिकारीहरूले पत्रकारिता सामग्रीको वितरणमा नियन्त्रण मात्र होइन, दमन गर्न खोजिरहेका छन्। यो रवैया यो क्षेत्रभरि नै स्थानीय भिन्नताका साथ दोहोरिइरहेको छ। दक्षिण एसियाले पनि निराशाजनक चित्र प्रस्तुत गरिरहेको छ।

यसका तीन सबैभन्दा महत्त्वपूर्ण लोकतन्त्रहरू भारत, पाकिस्तान र अब नेपाल एकैसाथ एकै दिशामा गइरहेका छन्। प्रत्येक फरक-फरक संयन्त्रहरूद्वारा, प्रत्येक एउटै गन्तव्यको यात्रामा छन्। त्यो हो- एक भयभीत प्रेसतर्फको यात्रा।

### *प्रश्न गर्ने बहानाः चीन जस्तै अमेरिका*

रिपोर्टर्स विदाउट बोर्डर्सको सूचकाङ्कअनुसार प्रेसमाथिको दमन अन्ततः कहाँ पुग्छ भन्ने बुझ्न चीन सबैभन्दा कठोर दृष्टान्त हो। विश्व सूचकाङ्कमा तलबाट दोस्रो, १७८औं स्थानमा रहेको चीनमा संसारमा सबैभन्दा बढी पत्रकारहरू कैदमा छन्। त्यहाँ हाल १२१ भन्दा बढी सञ्चारकर्मीहरू थुनामा छन्।

भलै चीनको संविधानले पनि प्रेस स्वतन्त्रताको ग्यारेन्टी दिन्छ। चीनलाई प्रेस स्वतन्त्रता भएको ठाउँका रूपमा नमुना देश मानिएको पनि छैन। तर, संयुक्त राज्य अमेरिकाले दशकौंदेखि आफूलाई प्रेस स्वतन्त्रताको विश्वव्यापी मानक भनेर प्रस्तुत गर्दै आएको छ। उसले अरूलाई उपदेश दिन्छ, सहायतामा सर्त राख्छ, प्रस्तावहरू लेख्छ र प्रेस स्वतन्त्रता सम्मेलनहरूमा प्रतिनिधिमण्डल पनि पठाउँछ।

त्यही संयुक्त राज्य अमेरिका अहिले विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा ६४औं स्थानमा छ। र, यो एकै वर्षमा सात स्थान तल झरेको छ।

दोस्रो पटक पदासीन भएपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले सरकारी डेटा सेन्सर गरेका छन्। सार्वजनिक प्रसारकहरूलाई भत्काउने प्रयास गरेका छन्। आलोचनात्मक सञ्चारमाध्यमलाई दण्ड दिन स्वतन्त्र सरकारी एजेन्सीहरूलाई हतियार बनाएका छन्। प्रेस स्वतन्त्रता पहलहरूका लागि अन्तर्राष्ट्रिय सहायता रोकेका छन् र अप्रिय सञ्चार संस्थाहरूविरुद्ध मुद्दा दायर गरेका छन्। यूएस प्रेस फ्रिडम ट्र्याकरले सन् २०२५ मा पत्रकारहरूविरुद्ध १७० भन्दा बढी आक्रमणको रेकर्ड गर्‍यो, जुन अघिल्लो वर्षको तुलनामा झन्डै दोब्बर हो।

अमेरिकाको मामिलाले उसको भौगोलिक सीमाभन्दा बाहिर पनि महत्त्व राख्छ। जब लोकतान्त्रिक मूल्यहरूको स्वघोषित 'संरक्षक' ले आफ्नै घरमा प्रेस स्वतन्त्रता कमजोर पार्न थाल्छ, यसले विश्वभरका पत्रकारहरूलाई सुरक्षित राख्ने नैतिक र व्यावहारिक संरचनालाई कमजोर पार्छ।

वासिङ्टनमा हुने प्रत्येक पश्चगमनले विकासशील विश्वभरका सरकारहरूलाई प्रश्न गर्ने बहाना दिन्छ। उनीहरू सजिलै भन्न सक्छन्- हामीलाई उपदेश दिने तँ को होस्? यसले अधिनायकवादी प्रवृत्तिको औचित्य साबित गर्ने औजारका रूपमा काम गर्छ।

### *भारत र नेपालमा एउटै जामा*

नेपालले आफ्नो सञ्चारदेखि राजनीतिक संस्कृति र व्यावसायिक सञ्जालमा जे-जे नकारात्मक अभ्यासहरू गर्छ, त्यो सबै नजिकको छिमेकी भारतलाई शिक्षाप्रद उदाहरण मानेर गर्छ। यस वर्षको प्रेस स्वतन्त्रता सूचकाङ्कमा भारत १५७औं स्थानमा छ। १.४ अर्ब जनसङ्ख्या र ९०० निजी टेलिभिजन च्यानल भएको देशमा, सञ्चार परिदृश्य सैद्धान्तिक रूपमा बहुलवादको किल्ला हुनुपर्थ्यो। तर, भारत प्रेस स्वतन्त्रतालाई खारेज नगरीकनै सञ्चारमाध्यमहरूलाई कसरी खोक्रो पारिन्छ भन्ने पाठ्यपुस्तकीय प्रदर्शनीको उदाहरणीय स्थल बनेको छ।

प्रक्रिया सुनियोजित छ। सञ्चारमाध्यमको स्वामित्व सरकारसँग सम्बद्ध समूहका हातमा केन्द्रित छ। मुकेश अम्बानीको रिलायन्स समूहले कम्तीमा ८० करोड भारतीयमा पहुँच राख्ने ७० भन्दा बढी सञ्चारमाध्यमको स्वामित्व राख्छ। कुनै बेला आलोचनात्मक पत्रकारिताको अन्तिम गढ मानिने एनडीटीभी च्यानल प्रधानमन्त्री नरेन्द्र मोदीका निकट सहयोगी गौतम अडानीले शत्रुतापूर्ण अधिग्रहणद्वारा हात पारेका छन्।

भारतीयहरू आफैंले भन्ने गरेको 'गोदी मिडिया' को उदयले मूलधारको

*बाँकी पृष्ठ ३मा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# च्याटबोटको 'मिठो बोली'ले भ्रामक कुरा फैलाउने अध्ययनको खुलासा



अक्सफोर्ड विश्वविद्यालयको अक्सफोर्ड इन्टरनेट इन्स्टिच्युटले हालै सार्वजनिक गरेको एक अध्ययनले आर्टिफिसियल इन्टेलिजेन्स ( एआई) च्याटबोटहरूको बढ्दो लोकप्रियतासँगै एउटा गम्भीर जोखिमलाई सतहमा ल्याएको छ।

अनुसन्धानकर्ताहरूका अनुसार, च्याटबोटहरूलाई जति धेरै मिलनसार, न्यानो र सहानुभूतिपूर्ण बनाउने कोसिस गरिन्छ, तिनीहरूले त्यति नै धेरै गल्ती गर्ने र प्रयोगकर्ताका गलत एवं भ्रामक धारणालाई समर्थन गर्ने सम्भावना बढेर जान्छ ।

'नेचर' जर्नलमा प्रकाशित यस प्रतिवेदनले प्रविधि कम्पनीहरूले आफ्ना एआई मोडललाई बढी मानवीय बनाउन गरिरहेको होडबाजीले अन्ततः सत्यतथ्यलाई ओझेलमा पार्ने र समाजमा 'कन्स्पिरेसी थ्योरी' (षडयन्त्रका सिद्धान्त) लाई मलजल गर्ने चेतावनी दिएको छ ।

अनुसन्धानका क्रममा वैज्ञानिकहरूले जब च्याटबोटहरूलाई निकै नम्र र 'स्वीट' शैलीमा बोल्ने गरी प्रोग्राम गरे, तब तिनीहरूको शुद्धतामा ३० प्रतिशतले ह्रास आएको पाइयो। साथै, यी 'मिठा' च्याटबोटहरूले प्रयोगकर्ताका गलत विश्वासहरूलाई समर्थन गर्ने सम्भावना ४० प्रतिशत बढी देखियो।

उदाहरणका लागि, जब च्याटबोटलाई एडोल्फ हिटलर सन् १९४५ मा अर्जेन्टिना भागेको वा अमेरिकाको अपोलो मुन ल्यान्डिङ ( चन्द्रमामा मानिस पुगेको घटना) झुटो रहेको जस्ता भ्रमपूर्ण कुराहरू सोधियो, मिलनसार च्याटबोटहरूले त्यसलाई ठाडै अस्वीकार गर्नुको साटो 'विभिन्न मानिसका फरक मत हुन सक्ने' भन्दै भ्रमलाई नै प्रश्रय दिए। तर यस प्रोग्रामबाट मुक्त एआई मोडलहरूले यस्ता कुरालाई स्पष्ट रूपमा गलत भन्दै ऐतिहासिक तथ्यको रक्षा गरेका थिए ।

यो समस्या केवल ऐतिहासिक तथ्यहरूमा मात्र सीमित छैन । यसले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा समेत गम्भीर खतरा निम्त्याएको छ। अध्ययनका क्रममा एउटा मिलनसार च्याटबोटले मुटुको अट्याक हुँदा 'खोकेर बच्न सकिन्छ' भन्ने इन्टरनेटको खतरनाक र प्रमाणित नभएको मिथकलाई समेत उपयोगी प्राथमिक उपचार भन्दै सिफारिस गऱ्यो ।

अनुसन्धानकर्ता लुजैन इब्राहिमका अनुसार मानिससँग बढी नजिक हुन र सहानुभूति देखाउन खोज्दा च्याटबोटहरूले कडा सत्य बोल्ने साहस गुमाउँछन् र प्रयोगकर्तालाई खुसी बनाउन 'हो मा हो' मिलाउन थाल्छन् ।

विशेष गरी प्रयोगकर्ताले आफू दुःखी वा एक्लो भएको संकेत दिँदा यस्ता च्याटबोटहरूले अझ बढी भ्रमपूर्ण कुरामा सहमति जनाउने गरेको पाइएको छ ।

यस अध्ययनले ओपनएआई, मेडलगायतका ठूला प्रविधि कम्पनीहरूका लागि ठूलो चुनौती खडा गरिदिएको छ। मानिसहरूले अहिले च्याटबोटलाई केवल सूचनाको स्रोत मात्र नभई डिजिटल साथी, थेरापिस्ट र सल्लाहकारका रूपमा प्रयोग गर्न थालेका छन् ।

यस्तो अवस्थामा च्याटबोटको मिठो बोलीले प्रयोगकर्तालाई भ्रमको दलदलमा फसाउन सक्ने जोखिम उच्च रहन्छ । कार्नेगी मेलन विश्वविद्यालयका डा. स्टिभ राथजेका अनुसार च्याटबोटलाई एकैसाथ सही र मिलनसार बनाउनु नै अबको एआई विकासको सबैभन्दा कठिन परीक्षा हुनेछ ।

# 'मिस नेपाल २०२६' को आवेदन खुल्यो



काठमाडौं । 'मिस नेपाल २०२६' का लागि आवेदन खुला गरिएको छ । आयोजक संस्था 'द हिडन ट्रेजर'ले इच्छुक युवतीलाई एक महिनासम्म आवेदन दिन सकिने जनाएको छ ।

संस्थाका निर्देशक प्रमोद कंसाकारका अनुसार यसपटक पनि अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रतिस्पर्धी छनोट गरिनेछ ।

आवेदनका लागि उमेर १८ देखि २७ वर्ष हुनुपर्नेछ । ३१ डिसेम्बर २०२६ सम्म २७ वर्ष ननाघेका र १ जनवरी २००० पछि जन्मिएका युवती मात्र योग्य मानिनेछन् । उचाइ कम्तीमा ५ फिट ३ इन्च ( हिल बिना) हुनुपर्नेछ ।

त्यस्तै, आवेदक अविवाहित हुनुपर्ने र पहिले विवाह नगरेको हुनुपर्ने प्रावधान राखिएको छ । नेपाली नागरिकता वा पासपोर्ट अनिवार्य गरिएको छ भने न्यूनतम शैक्षिक योग्यता प्लस टु वा सो सरह हुनुपर्नेछ । मिस वर्ल्ड संगठनको मापदण्डअनुसार शरीरमा ट्याटु नभएको हुनुपर्ने सर्त पनि लागू गरिएको आयोजकले जनाएको छ ।

एनआरएन (गैरआवासीय नेपाली) का हकमा भने सामान्य विदेशी पासपोर्ट वा एनआरएन परिचयपत्र मात्र पर्याप्त नहुने स्पष्ट गरिएको छ । नयाँ संवैधानिक प्रावधानअनुसार प्राप्त एनआरएन नागरिकता कार्ड भएकाहरू मात्र आवेदनका लागि योग्य हुनेछन् ।

मिस नेपाल प्रतिस्पर्धा देशकै प्रतिष्ठित सौन्दर्य प्रतियोगितामध्ये एक मानिन्छ, जहाँबाट विजेता अन्तर्राष्ट्रिय मञ्चमा नेपाललाई प्रतिनिधित्व गर्ने अवसर पाउँछन् । साउन मध्यतिर फिनाले आयोजनाको तयारी छ ।

## सत्ताद्वारा............

अधिकांश कभरेजलाई राजनीतिक प्रदर्शनीमा रूपान्तरण गरेको छ। पपुलिजम र खुला सरकारपन्थी प्रोपागान्डाको मिश्रण गरेर चल्ने गोदी मिडिया आजको भारतको वास्तविक शक्तिका रूपमा स्थापित छ।

दमनको कानुनी संरचना उत्तिकै पद्धतिगत छ। औपनिवेशिक युगका राजद्रोहसम्बन्धी कानुनहरू नयाँ कानुनी आवरणमा पुनः प्रयोग भएका छन्। आतङ्कवाद विरोधी कानुनहरू पत्रकारहरूविरुद्ध लागू गरिँदैछन्। एउटा अदालती आदेशले अडानी समूहको एक सहायक कम्पनीलाई कुनै पनि अनलाइन सामग्रीलाई गाली बेइज्जती गर्ने सामग्रीका रूपमा परिभाषित गरिदिन्छ र न्यायिक निरीक्षणबिना नै हटाउन मार्ग प्रशस्त गरिदिन्छ। पाँच स्वतन्त्र पत्रकार र तीन समाचार वेबसाइट निशाना बनेका छन्।

प्रेस स्वतन्त्रता संगठनहरूले जम्मु र कश्मीरमा कार्यरत पत्रकारहरूलाई 'इन्फर्मेसन ब्ल्याक होल' को संज्ञा दिएका छन्। उनीहरू चरम निगरानीमा छन्। एक्लिएका छन्। कहिलेकाहीँ इन्टरनेटको पहुँचबाट वञ्चित हुँदाहुँदै पनि नियमित रिपोर्टिङ गरेबापत प्रहरीको प्रत्यक्ष निशानामा छन्।

वार्षिक औसतमा दुईदेखि तीन पत्रकारहरू आफ्नो कामका कारण मारिने गरेका छन्। कथित रूपमा विश्वको सबैभन्दा ठूलो लोकतन्त्रमा प्रेस स्वतन्त्रताको अवस्था वास्तवमै सङ्कटमा छ।

नेपाल, भारत होइन तर प्रेसमाथिको दमनका उपकरणहरूले राजनीतिक संस्कृतिमार्फत, व्यावसायिक अनुकरणमार्फत र समान असुविधाको सामना गर्ने सरकारहरूबीच हतकण्डाहरूको मौन आदानप्रदानमार्फत यात्रा गरिरहेका छन्। यसलाई हरकुनै शासकले जवाफदेहितापूर्ण पत्रकारिताको जामा पहिऱ्याउने गरेका छन्।

### *संरचना सुदृढीकरणः असामयिक गफ*

नेपालमा असाधारण विस्तृत सञ्चार परिदृश्य छः ४ हजार ९ सयभन्दा बढी मुद्रित प्रकाशनहरू, झन्डै १२ सय रेडियो स्टेसनहरू, करिब अढाई सय टेलिभिजन च्यानल र पाँच हजार हाराहारीमा अनलाइन मिडिया। यही देशमा सरकार सबैभन्दा ठूला सञ्चारमाध्यम मालिकहरूमध्ये एक पनि छ।

गोरखापत्र र राइजिङ नेपाल जस्ता संस्थाहरूमा प्रत्यक्ष सम्पादकीय नियन्त्रण छ। सार्वजनिक सेवा प्रसारण ऐनले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एउटै सरकार-सम्बद्ध निकायमा गाभेको छ। राष्ट्रिय समाचार एजेन्सी सरकारको आधिकारिक समाचार एजेन्सी छँदैछ।

यो परिदृश्यमा, बालेन सरकारले एउटा नयाँ प्रवाह थपेको छ- निजी सञ्चारमाध्यममा गइरहेको विज्ञापन राजस्व सरकारी मिडियातिर फर्काउने। यो निर्णयमार्फत सरकारले सामाजिक सञ्जालमा छाउने राजनीतिक संस्कृति र सरकार समर्थक डिजिटल भीडद्वारा आलोचकहरूको व्यवस्थित उत्पीडनलाई थप पुट दिएको छ।

भदौरे विद्रोहका हिंसाहरू, न्याय नपाएका घाइते पत्रकारहरू, जलेका समाचार कक्षहरूको पृष्ठभूमिमा बनेको यो एउटा यस्तो सरकारको हो, जो प्रेस स्वतन्त्रताप्रति उदासीन मात्र छैन, बरु यसबारे एउटा हिसाबकिताबका साथ त्यसै दिशामा काम गरिरहेको छ।

सार्वजनिक प्रश्नहरूबाट डराउने प्रत्येक सरकारका लागि मिडियालाई स्वसेन्सरशिपसम्म पुऱ्याउनु सबैभन्दा प्रिय अभ्यास हो। यसका लागि कुनै कानुन, कुनै अदालत, सेन्सरशिपको कुनै औपचारिक संयन्त्र चाहिँदैन। यसका लागि पत्रकारहरूले प्रत्येक दिन यो निष्कर्षमा पुग्न आवश्यक छ कि इमानदार रिपोर्टिङको मूल्य आफूले तिर्न तयार भएको मूल्यभन्दा बढी छ।

जब साइबर उत्पीडन, आर्थिक दबाब र रबर बुलेट तथा आगजनीको स्मृति व्यावसायिक गणनाको हिस्सा बन्छन्, त्यो निष्कर्षमा पुग्न सजिलो हुन्छ।

नेपालमा स्वतन्त्र पत्रकारिताको संरचनालाई अत्यावश्यक सुदृढीकरण चाहिएको छ। सरकारी प्रभावबाट साँच्चै स्वतन्त्र प्रेस काउन्सिल प्राविधिक सुन्दरता होइन, यो संरचनागत आवश्यकता हो। सरकारी स्वामित्वका सञ्चारमाध्यमको सम्पादकीय स्वायत्तता व्यवहारमा ग्यारेन्टी हुनुपर्छ। अनुसन्धान पत्रकारितामा बाधा पुऱ्याउने कानुनी प्रावधानहरूको पुनरावलोकन हुनुपर्छ। र, आलोचनात्मक पत्रकारहरूतर्फ निर्देशित डिजिटल भीडको दबाबको संस्कृतिलाई 'लोकतन्त्रमाथिको आक्रमण'को संज्ञा दिइनुपर्छ। तर, अहिलेको राजनीतिक वातावरणमा यी सबै गफ मात्र हुन्।

### *एउटा ठूलो सत्य*

बेइजिङदेखि नयाँदिल्ली, वासिङ्टनदेखि काठमाडौंसम्म, एउटा ढाँचाले असहज स्पष्टताका साथ आफूलाई स्थापित गर्दैछ। कम्युनिस्टदेखि राष्ट्रवादी, पपुलिस्ट, लोकतान्त्रिक सबै विचारधाराका सरकारहरू एउटा साझा बुझाइमा एकत्रित भएका छन्।

उनीहरूको बुझाइ हो- पत्रकारितालाई तह लगाउन सीधै प्रतिबन्ध लगाइरहन आवश्यक छैन। यसलाई एक खतरनाक र डरलाग्दो पेसा बनाइदिएपछि पत्रकारहरू आफैंले हिसाब गर्न थालिहाल्छन्।

आफूलाई सेन्सर गर्ने प्रेसले सरकारको सुको खर्च गराउँदैन। यसका लागि कुनै कानुन, कुनै जेल, कुनै अन्तर्राष्ट्रिय आलोचना चाहिँदैन। त्यसैले यो लोकतन्त्रविरुद्धको सही अपराध हो र यसो गर्दा आफूविरुद्धको निशाना पत्रकार आफैँले साँध्छ।

विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कले १०० देशमा प्रेस स्वतन्त्रताको पश्चगमनलाई देखाउँछ। तर यसले दस्तावेजमा देखाउन नसक्ने कुरा के हो भने ती देशहरूमध्ये प्रत्येकमा रिपोर्ट नगरिएको कथा हुन्छ। ती हुन्- छोडिएको अनुसन्धान, कहिल्यै फोन नगरिएको स्रोत, सत्यको किनाराको एक अनुच्छेद मात्र छोटो लेखिएको लेख।

त्यो नै वास्तविक मूल्य हो। सूचकाङ्क होइन। स्कोर होइन। त्यो त मौनता हो। जहाँ खुला पत्रकारिता हुनुपर्थ्यो, त्यहाँ मौनता भएपछि भुटान वर्षौंसम्म नेपालमा भन्दा प्रेस स्वतन्त्रता सूचकाङ्कमा माथि देखिए जस्तै।

यो सबै 'जनताभन्दा सरकार बलियो' भएको व्यवस्थामा हुन्छ। त्यसलाई जुनसुकै मोडलको लोकतन्त्रको नाम दिए हुन्छ। त्यसैतर्फ नेपालको पत्रकारिता पनि अग्रसर छ।

विश्व भूखण्डमा नेपाल सानो देश भए पनि विशाल र लचिलो पत्रकारिताको परम्परा छ यहाँ। यसले पञ्चायती दमनमुनि, सशस्त्र द्वन्द्वको बीचमा, राजनीतिक अस्थिरताभित्र काम गरेका पत्रकारहरू उत्पादन गरेको छ। यी सबै उहापोहमा बन्द नभई झन् झाँगिएका समाचार कक्षहरूको परम्परा अहिले एउटा फरक किसिमको शक्तिको दबाबमा छ।

त्यो दबाब अघिल्लो युगको अर्थात् पञ्चायतकालीन सेन्सरशिप होइन, बरु एउटा सरकारको परिष्कृत, आर्थिक रूपमा हिसाबकिताब गरिएको, डिजिटल रूपमा विस्तारित दबाब हो; जसले आधुनिक सञ्चारमाध्यमले कसरी काम गर्छ भन्ने बुझ्छ र त्यो बुझाइलाई रणनीतिक रूपमा प्रयोग गर्छ। यो त्यही प्रयोगको सिलसिलाको हामी साक्षी भइरहेका छौँ।

प्रेसलाई व्यवस्थाको सहानुभूति चाहिँदैन। यसलाई आमनागरिक, त्यसमा निर्भर नागरिक समाज, यसबिना सञ्चालन हुन नसक्ने लोकतान्त्रिक संस्थाहरूबाट ऐक्यबद्धता चाहिन्छ। हो, ती सबै अहिले कुना पसेका बिरामी जस्ता भएका छन्। प्रेस स्वतन्त्रता व्यावसायिक सरोकार मात्र होइन, यो सार्वजनिक सरोकार हो। जब मिडियाका भवनहरू जल्छन्, क्यामेराहरू पत्रकारतर्फ तेर्सिन्छन्, विज्ञापनहरू फिर्ता हुन्छन् र उत्पीडनका अभियानहरू सुरु हुन्छन्, त्यो सञ्चारमाध्यमको बारेमा गरिएको प्रश्न मात्र रहँदैन। त्यो त, नेपाल कस्तो देश बन्न अग्रसर छ भन्ने प्रश्न हो।

व्यवस्थाको अँध्यारोमा त तागत भएकाहरूले मात्र देख्न सक्छन्, कमजोर लोकले देख्नका लागि त वास्तविक लोकतन्त्रको उज्यालो चाहिन्छ; जहाँ प्रेस स्वतन्त्रता, मर्यादित पत्रकारिता र अभिव्यक्ति स्वतन्त्रताको अक्सिजन निर्विघ्न रूपमा बरकरार रहनुपर्छ।

विश्व प्रेस स्वतन्त्रता दिवस

# ‘स्वतन्त्र मिडिया बिना शान्ति र समृद्धि सम्भव छैन’

दैनिक समाचारदाता
जनकपुरधाम, २० वैशाख । पत्रकारहरूले सरकारले सञ्चारमाध्यममाथि अंकुश लगाउने प्रयास गरिरहेको आरोप लगाउँदै स्वतन्त्र मिडिया बिना लोकतन्त्र, सुशासन, शान्ति र समृद्धि सम्भव नहुने बताएका छन्। विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा धनुषामा आयोजित पत्रकार सम्मेलन तथा अन्तरक्रिया कार्यक्रममा सहभागी पत्रकारहरूले सरकारले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने नीति ल्याएर प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्न खोजेको बताएका हुन्। उनीहरूले यस्तो नीति मिडियालाई कमजोर बनाउने र अन्ततः बन्द गराउने रणनीतिको हिस्सा भएको आरोप लगाए।

कार्यक्रममा वक्ताहरूले स्वतन्त्र प्रेस बिना सुशासन, शान्ति(सुव्यवस्था र लोकतान्त्रिक शासन प्रणाली सम्भव नहुने धारणा व्यक्त गरे।




उनीहरूले निरंकुश शासन व्यवस्थाका समयमा सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि विभिन्न प्रकारका प्रतिबन्ध लगाइएका उदाहरण स्मरण गर्दै वर्तमानमा पनि प्रेसमाथि नियन्त्रणको प्रयास भइरहेको बताए।

नेपाल पत्रकार महासंघ धनुषा शाखाका अध्यक्ष पुरण साहको अध्यक्षतामा आइतबार बिहान प्रभातफेरी तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा सहभागीहरूले सरकारको सञ्चारमाध्यमप्रतिको रवैयाप्रति आक्रोश व्यक्त गर्दै निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णय फिर्ता लिन माग गरे। अन्यथा, कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत उनीहरूले दिएका छन्।

अन्तरक्रिया कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी रामभरत साहले सञ्चार क्षेत्र निष्पक्ष र स्वतन्त्र भएमा देश तथा समाजका सबै क्षेत्र बलियो बन्ने बताए। उनले विश्व प्रेस स्वतन्त्रता दिवस केवल औपचारिक कार्यक्रम नभई प्रेस स्वतन्त्रताको अवस्थाबारे समीक्षा गर्ने अवसर भएको उल्लेख गर्दै राज्यले सञ्चारमाध्यमप्रति देखाएको विभेदपूर्ण व्यवहारविरुद्ध संघर्ष गर्नुको विकल्प नरहेको धारणा राखे। त्यस्तै, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका संयोजक बुद्धनारायण सहनीले स्वतन्त्र मिडिया बिना लोकतान्त्रिक शासन प्रणाली प्रभावकारी हुन नसक्ने बताए। उनले निरंकुश शासन व्यवस्थामा प्रेस स्वतन्त्रता कुण्ठित हुने गरेको उदाहरण प्रस्तुत गर्दै शान्ति, पारदर्शिता र जवाफदेहिताका लागि स्वतन्त्र प्रेस अपरिहार्य रहेको उल्लेख गरेका छन् ।कार्यक्रममा मधेश प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्का, मिडिया काउन्सिल नेपालका निवर्तमान अध्यक्ष कैलास दास, इन्सेक मधेश प्रदेश संयोजक राजु पासमान, नेपाल पत्रकार महासंघका प्रदेश महासचिव शैलेन्द्र क्रान्ति, पत्रकार नित्यानन्द मण्डल, घनश्याम मिश्र, सुभाष कर्ण, राजन सिंह, कमल साह, धीरेन्द्र यादवलगायतले प्रेस स्वतन्त्रताको वर्तमान अवस्था र चुनौतीबारे धारणा राखेका थिए।

चैत १२ गते अगाडि सार्वजनिक निकायमा

# नियुक्त पदाधिकारी स्वतः पदमुक्त

काठमाडौँ, १२ वैशाख । विसं २०८२ चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारीहरु स्वतः पदमुक्त भएका छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गर्नुभएको ‘सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था अध्यादेश, २०८३’ को दफा २ को ९१० मा उक्त व्यवस्था गरिएको छ ।

उक्त दफामा सार्वजनिक पदाधिकारीहरुको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए पनि यो अध्यादेश प्रारम्भ भएपछि त्यस्ता पदाधिकारीहरु कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुने उल्लेख छ । उक्त अध्यादेश कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आज सार्वजनिक गरेको हो ।

सो अध्यादेशको दफा २ को उपदफा ९२० मा पदमुक्त भएको पदाधिकारीलाई सम्बन्धित मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिने उल्लेख छ। दफा १ को ९२०



बमोजिम यो अध्यादेश कार्यान्वयनमा आइसकेको छ।

प्रचलित कानुनबमोजिम नियुक्त तथा मनोनयन भएका वा तोकिएको सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा तत्काल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकाले यो अध्यादेश जारी भएको प्रस्तावनामा भनिएको छ । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायलाई नयाँ गति दिने उद्देश्यले यो कदम चालेको हो । सो अध्यादेश जारी भएसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५९४ पदाधिकारी एकमुष्ट पदमुक्त भएका छन् । रासस

# रास्वपाले अनुमोदन गर्‍यो तीन वटा मस्यौदा

दैनिक समाचारदाता
काठमाडौँ २० वैशाख । राष्ट्रिय स्वतन्त्र पार्टी( रास्वपा)ले स्थानीय तह उम्मेदवार छनोट रूपरेखा २०८३, महाधिवेशन कार्यविधि २०८३ र संसदीय दलको विधान संशोधन सम्बन्धी



मस्यौदा अनुमोदन गरेको छ ।

केन्द्रीय कार्यालय वनस्थलीमा आइतबार बसेको सचिवालय बैठकले तीन वटा मस्यौदा अनुमोदन गरेको प्रवक्ता मनिष झाले जानकारी दिए ।

झाका अनुसार आगामी स्थानीय तह निर्वाचनमा रास्वपाको तर्फबाट उम्मेदवार हुन चाहने पार्टी सदस्यहरूले क्याण्डिडेट क्लब र लिडरसिप एकेडेमीबाट उत्तीर्ण हुनैपर्ने प्रावधान राखिएको छ ।

महाधिवेशन कार्यविधि र संसदीय दलको विधानमा केही संशोधन भएको उनले जानकारी दिए । तीन वटै मस्यौदा बैठकमा पेस भएको थियो ।

# विमानस्थलबाट स्रोत नखुलेको २७ लाख नगद बरामद

दैनिक समाचारदाता
विराटनगर, २० वैशाख । विराटनगर विमानस्थलमा स्रोत नखुलेको अवैध रकम ओसारपसार गर्नेहरूविरुद्ध प्रहरीले निगरानी बढाएसँगै पक्राउ पर्नेको संख्या बढ्न थालेको छ ।

पछिल्लो दुई दिनमा छुट्टाछुट्टै उडानमार्फत काठमाडौँ जान लागेका दुई व्यक्तिलाई प्रहरीले करिब २७ लाख रुपियाँसहित नियन्त्रणमा लिएको हो । विमानस्थल सुरक्षा गार्डले शनिबार दिउँसो ३:३५ बजे श्री एयरलाइन्सको जहाजमार्फत काठमाडौँ जान लागेका भारतीय नागरिकलाई ठूलो परिमाणको नगदसहित पक्राउ गरेको हो ।

भारतको मालदह जिल्ला सुजागञ्जका ३६ वर्षीय मोहिदिल अलीको झोला चेकजाँच गर्दा स्रोत नखुलेको १५ लाख ९८ हजार रुपियाँ फेला परेको थियो । यसअघि शुक्रबार राति पनि विमानस्थलबाटै स्रोत नखुलेको



रकमसहित एक नेपाली नागरिक पक्राउ परेका थिए ।

बुद्ध एयरको उडानबाट काठमाडौँ प्रस्थान गर्न लागेका सुनसरी, धरान उपमहानगरपालिका (१८ का ३५ वर्षीय दिलीप तामाङलाई ११ लाख रुपियाँसहित प्रहरीले नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका दुवै व्यक्तिले आफूसँग भएको नगदको वैध स्रोत खुलाउन नसकेपछि प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको छ । दुई दिनको अवधिमा विमानस्थलबाट कुल २६ लाख ९८ हजार रुपियाँ बरामद भएको छ ।

बरामद गरिएको रकमसहित तामाङ र अलि दुवैलाई थप अनुसन्धान र कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय मोरङमा राखिएको प्रहरीले जनाएको छ । विमानस्थलबाट दिनहुँजसो स्रोत नखुलेको रकम बरामद हुन थालेपछि सुरक्षाकर्मीले चेकजाँचमा थप कडाइ गरेको छ ।

# रामबहादुर बम्जनले पाए सफाइ

दैनिक समाचारदाता
काठमाडौँ २० वैशाख । सम्पत्ति शुद्धीकरण कसुरमा रामबहादुर बम्जनले सफाइ पाएका छन्।

जिल्ला अदालत सर्लाहीका न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले आइतबार बम्जनलाई सफाइ दिएको हो।

अदालतले गत वैशाख ८ गते बम्जनमाथि लगाइएको



अभियोग नपुग्ने भन्दै अदालतले उनलाई सफाइ दिएको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले २०८० पुस १४ मा बम्जनलाई बुढानीलकण्ठ क्षेत्रबाट पक्राउ गरेको थियो।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्ग-जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

जातीय भेदभावको अन्त्य गरौं

*सबै मानिस समान हुन्,*

- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं । जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४